स्थानीय सरकार

# वीरगञ्ज राजपत्र

---

वीरगञ्ज महानगरपालिकाद्वारा प्रकाशित

---

खण्ड ५, २०७८ साल असार महिना २० गते, संख्या ६

---

## भाग - २

## वीरगंज महानगरपालिका बाल अधिकार संरक्षण तथा प्रर्वधन कार्यविधि, २०७८

स्थानीय सरकार

# वीरगञ्ज राजपत्र

---

वीरगञ्ज महानगरपालिकाद्वारा प्रकाशित

---

खण्ड ५, २०७८ साल असार महिना २० गते, संख्या ६

---

भाग - २

वीरगञ्ज महानगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम वीरगंज महानगरपालिका नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

संवत २०७८ सालको कार्यविधि नं. - ६

## वीरगंज महानगरपालिका बाल अधिकार संरक्षण तथा प्रर्वधन कार्यविधि, २०७८

वीरगंज महानगरपालिका आदर्शनगर , वीरगंज , पर्सा प्रदेश नं.२

वीरगञ्ज महानगर बाल अधिकार संरक्षण तथा प्रवर्धन कार्यविधि, २०७८

प्रस्तावनाःबाल अधिकारको संरक्षण र प्रवर्धन गर्न  बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी वीरगञ्ज महानगरपालिकाले वीरगञ्ज महानगर बाल अधिकार संरक्षण तथा प्रवर्धन कार्यविधि, २०७८निर्धारण गरी लागू गरेको छ ।

परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१)यस कार्यविधिको नाम वीरगञ्ज महानगर बाल अधिकार संरक्षण तथा प्रवर्धन कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः– (क) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “संघीय मन्त्रालय” भन्नाले नेपाल सरकारको बालबालिका हेर्ने संघीय मन्त्रालय सम्झनु पर्छ ।

(ग) “राष्ट्रिय परिषद”् भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(घ) “प्रदेश मन्त्रालय” भन्नाले प्रदेश सरकारको बालबालिका हेर्ने प्रदेश मन्त्रालय सम्झनु पर्छ ।

(ङ) “प्रदेश समिति” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनु पर्छ ।

(च) “महानगरपालिका” वा “महानगर” भन्नाले वीरगञ्ज महानगरपालिका सम्झनु पर्छ ।

(छ) “बाल कल्याण अधिकारी” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ६१ बमोजिम नियुक्त वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ज) “महानगर समिति” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ६०को उपदफा (२) बमोजिमको स्थानीय बाल अधिकार समिति तथा यस कार्यविधिको दफा ३ बमोजिम गठित वीरगञ्ज महानगर बाल अधिकार समिति सम्झनु पर्छ ।

(झ) “बालबालिका” भन्नाले ऐन बमोजिम १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ञ) “महानगर वडासमिति” भन्नाले यस कार्यविधिको दफा ८ बमोजिम बालबालिकाको संरक्षण तथा बाल अधिकार प्रवर्धनको लागि प्रत्येक वडामा गठन गरिएको वडा स्तरीय बाल अधिकार समिति सम्झनु पर्छ ।

(ट) “बालक्लब” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि महानगरपालिकामा दर्ता भइ विद्यालय, बाल गृह, बाल

सुधार गृह तथा समुदाय स्तरमा गठन गरिएका बालबालिकाको क्लब, समूह, संघ, संगठन, मञ्च, परिषद् तथा सभा सम्झनु पर्छ।

(ठ) “बालक्लब सञ्जाल” भन्नाले वीरगञ्ज महानगरपालिकाको प्रत्येक वडाको वडास्तर र महानगर स्तरमा गठन भएको बालक्लबहरुको सञ्जाल सम्झनु पर्छ।

(ड) “बाल कोष” भन्नाले बालबालिकाको संरक्षण तथा बाल अधिकारको संरक्षण र सम्वर्द्धन गर्नको लागि ऐन तथा प्रचलित कानून बमोजिम स्थापना गरेको वा वीरगञ्ज महानगरपालिकाले स्थापना गरेको बाल कोष सम्झनु पर्छ।

(ढ) “बालभेला” वार्षिक रुपमा बालक्लब सञ्जालले नयाँ समिति चयन गर्न वा वार्षिक कार्य योजना निर्माण गर्न सबै बालक्लबका प्रतिनिधिहरुको सहभागितामा भएको महानगर तथा वडा स्तरको बालबालिकाको भेला सम्झनु पर्छ।

(ण) “नगर प्रमुख” भन्नाले वीरगञ्ज महानगरपाकिाको नगर प्रमुख सम्झनु पर्छ।

(त) “नगर उप-प्रमुख” भन्नाले वीरगञ्ज महानगरपाकिाको नगर उप-प्रमुख सम्झनु पर्छ।

(थ) “वडा” भन्नाले वीरञ्ज महानगरपाकिाको वडा सम्झनु पर्छ।

(द) “वडा अध्यक्ष” भन्नाले वीरगञ्ज महानगरपाकिाको सम्बन्धित वडा अध्यक्ष सम्झनु पर्दछ।

(ध) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले वीरगञ्ज महानगरपाकिाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(न) “संस्था” भन्नाले बाल गृह, बाल सुधार गृह, पुनःस्थापना केन्द्र, निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालनको निम्ति प्रचलित कानन बमोजिम दर्ता भइ स्वीकृत विधानमा त्यस्तो व्यवस्था राखी तोकिए बमोजिम संस्थागत रुपमा बाल संरक्षण कार्ययोजना,बाल संरक्षण मापदण्ड, कार्यविधि तथा आचार संहिता स्वीकृत गरी स्थापना तथा सञ्चालन गर्न योग्य इच्छुक बाल अधिकारको क्षेत्रमा काम गर्दै आएको वा काम गर्ने संस्थालाई सम्झनु पर्छ।

(प) “विशेष संरक्षणको आवश्यकता भएका बालबालिका” भन्नाले ऐनको दफा ४८, प्रचलित प्रदेश कानून र महानगरपालिकाले त्यस्ता बालबालिका भनी निर्धारण गरेका बालबालिका सम्झनु पर्छ।

## परिच्छेद–२

## वीरगञ्ज महानगर बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि

३. वीरगञ्ज महानगर बालअधिकार समितिः(१)महानगर बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन:-

(क) नगर उप-प्रमुख वा उप-प्रमुखले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा प्र.प्र.अ.ले तोकेको अधिकृतस्तर कर्मचारी एक जना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुख, अपाङ्ग समन्वय समिति र स्वास्थ्य महाशाखा हेर्ने प्रमुख मध्ये एक जना – सदस्य

(घ) नेपाल/प्रदेश प्रहरीको स्थानीय प्रहरी प्रमुख एक जना –सदस्य

(ङ.) नगर प्रमुखले तोकेको महानगरपालिकाको महिला वडा सदस्य मध्ये एक जना –सदस्य

(च) महानगरपालिकाको कानून अधिकृत –सदस्य

(छ) नगर प्रमुखले तोकेको महानगरपालिकाको माध्यमिक विद्यायलयहरु मध्ये एक जना प्रधानाध्यापक –सदस्य

(ज) महानगर स्तरीय बालक्लब सञ्जालको अध्यक्ष –सदस्य

(झ) उप-प्रमुखले तोकेको सूचिकृत समाज सेवी वा समाजिक कार्यकर्ता वा बालमनोविज्ञ वा चिकित्सक तथा स्टाफ नर्स मध्ये बाट एक जना –सदस्य

(ञ) नगर उप–प्रमुखले तोकेको बालअधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको प्रमुख मध्ये बाट एक जना –सदस्य

(ट)बाल कल्याण अधिकारी सदस्य–सचिव

(२) महानगर समितिका मनोनित सदस्यहरुको पदावधि सामान्यतया पाँच वर्षको हुनेछ । महानगर समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. <u>वीरगञ्ज महानगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार</u>ः- (१) संघीय र प्रदेश कानून बमोजिमका अतिरिक्त महानगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) महानगर समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न महानगरपालिकालाई सुझाव दिने,

(ग) महानगरपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मल्याकन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धिसग सम्बन्धित महानगर स्तरीय कार्यक्रम सञ्चालन गर्ने र सोको आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(ङ.) महानगरभित्र हुन सक्ने वाल विवाह, वाल श्रम, बेचविखन तथा अनधिकृत ओसार पसार, शारीरिक र मानसिक पीडा तथा यातना एवम् बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(च) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने, गराउने वा व्यवस्था गर्ने,

(छ) महानगरमा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेटने गरी बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन महानगर कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र प्रकाशन गर्ने, सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, महानगर समितिमा सुरक्षित राख्ने र सोको एक / एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय र राष्ट्रिय परिषद्मा पठाउने,

(ज) बालबालिका सम्बन्धी महानगरपालिकाको तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(झ) महानगर समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिन तथा क्षमता अभिवद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ञ) महानगरपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा वहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ट) नेपाल सरकार,प्रदेश सरकार र महानगरको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय, प्रादेशिक तथा स्थानीय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ठ) महानगरमा बालबालिका खोजतलास नं.१०४ तथा बाल हेल्पलाइन नं.१०९८दश,नौ,आठ) नेपाल वा बाल हेल्पलाइन वीरगञ्ज ०५१-५२०५३० सञ्चालन सेवा सञ्चालन तथा विस्तार अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ड) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पति तथा व्यक्तिलाई महानगर समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्दै जिल्ला अदालतलाई सहयोग गर्ने,

(ढ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न तथा वैकल्पिक हेरचाहको व्यवस्था गर्न महानगरपालिका र जिल्ला अदालतलाई सहयोग गर्ने,

(ण) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित संघीय मन्त्रालयमा सिफारिस गर्ने,

(त) महानगरपालिका भित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीतलहर र आगो जस्तो प्राकृतिक प्रकोप, विपद, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(थ) महानगरपालिका भित्र सञ्चालित बाल गृह,बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलव्ध सेवाको गुणस्तर तथा प्रभावकारिता सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरुको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, राष्ट्रिय परिषद र संघीय मन्त्रालयमा पठाउने,

(१)बालबालिका वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालीम प्रदान गरिएको छ वा छैन,

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन,प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बालगृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र,पुनःस्थापना केन्द तथा सामाजिकीकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भए गरेको छ वा छैन,

(६) उपखण्ड (५)मा उल्लेखित गृह,केन्द्रमा बालमैत्री व्यवहार तथा बातावरण कायम गरिएको छ वा छैन,

(७) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

(८) व्यवस्थापन पक्ष तथा ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेका छ वा छैन,

(९) उपलब्ध स्रोत साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(१०) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन,

(२) महानगर समितिले उफदफा (१) बमोजिम आफुलाई प्राप्त अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५. वीरगञ्ज महानगर बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधिः

महानगर बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :–

(१) महानगर समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक तथा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। तर, यदि बैठक बस्न आवश्यक छ भन्ने अध्यक्षलाई लागेमा थप बैठक बस्न बाधा पर्ने छैन।

(२) अध्यक्षको निर्देशनमा महानगर समितिको बैठक सदस्य–सचिवले बोलाउने छ।

(३) सदस्य–सचिवले महानगर समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(४) महानगर समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा बैठकको लाीग गणपूरक संख्या पुगेको मानिनेछ।

(५) महानगर समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर निज अनुपस्थित भएमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ। (६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(७) महानगर समितिको बैठकको निर्णय अध्यक्ष र सदस्य–सचिवद्धारा प्रमाणित गरिनेछ।

(८) महानगर समितिको बैठक सञ्चालन खर्च महानगरपालिकाको नियमानुसार हुनेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि महानगर समिति आफैले निर्धाण गरे बमोजिम हुनेछ।

६. उपसमिति वा कार्य टोली गठन गर्न सक्नेः (१) महानगर समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निम्ति बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधि तोकी वढीमा तीन सदस्यीय उपसमिति वा कार्य टोली गठन गरी परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि महानगरपालिकाको प्रचलित नियमानुसार महानगर समितिले तोकि दिए बमोजिम हुनेछ ।

७. बाल कल्याण अधिकारीको काम, कर्तब्य र अधिकारः- बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार ऐन तथा संघीय र प्रदेश कानन बमोजिमू तोकिए अतिरिक्त महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद –३

## महानगर वडा बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि

८. वीरगञ्ज महानगर वडा बाल अधिकार समितिः-(१) महानगरपालिकाको प्रत्येक वडामा देहाय बमोजिमको महानगर बाल अधिकार वडा समिति रहनेछः–

(क) वडा अध्यक्ष –अध्यक्ष

(ख) वडा अध्यक्षले तोकेका वडा सदस्यहरु मध्येबाट महिला वडा सदस्य सहित दुई जना –सदस्य

(ग) वडा समितिले तोकेको वडामा सञ्चालित माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्ये एक जना –सदस्य

(घ) वडामा रहेको प्रहरी कार्यालयको प्रमुख एक जना -सदस्य

(ङ) वडा समितिले तोकेको सम्बन्धित वडामा बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.सं.मध्येबाट गैससं प्रमुख एक जना -सदस्य

(च) वडा स्तरीय बालक्लब वा सञ्जालको अध्यक्ष एक जना –सदस्य

छ) सम्बन्धित वडा कार्यालयको वडा सचिव - सदस्य

(ज) वडा कार्यालयमा बालबालिकाको विषय हेर्न तोकिएको कर्मचारी सदस्य–सचिव

(२) महानगर वडा बाल अधिकार समितिको बैठक आवश्यकता अनुसार बस्न सक्ने छ ।

(३) बैठक खर्च महानगरपालिकाले निधारण गरे बमोजिम हुनेछ ।

(४) एक पटक मनोनित वा तोकेका वडा बाल अधिकार समितिको सदस्यहरुको पदावधि पाँच वर्ष सम्म रहने छ ।

(५) आवश्यकतानुसार वडा अध्यक्षले विषय विशेषज्ञ वा सम्बन्धित ब्यक्तिलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(६) बैठक सम्बन्धी अन्य कार्यविधि महानगर वडा बाल अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>वीरगञ्ज महानगर वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः</u> महानगर वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) महानगर समितिको निर्णय, निर्देशन तथा वालबालिकाको हितमा बनाएको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने,

(ख) महानगर वडा समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ग) वडामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याकन तथा समीक्षा गरी सुझाव दिने,

(घ) वडा स्तरमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्न वडा कार्यालय,महानगर समिति र महानगरपालिकालाई सहयोग गर्ने,

(ङ) वडा स्तरमा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी,गैरसरकारी संघ संस्था, बालक्लब,समूह, मेलमिलाप केन्द्र तथा सम्बन्धित निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संरक्षणात्मक र प्रवर्धनात्मक कार्यहरु गर्ने, गराउने,

(च) बालबालिकाको क्षेत्रमा वडाको स्थानीय आवश्यकता पहिचान गरी वडामा सञ्चालनमा रहेका विभिन्न सरकारी निकायहरु र विकास साझेदार संस्थाहरुको समन्वयमा समुदायमा आधारित बाल कार्यक्रमको तर्जुमा,कार्यान्वयन गर्ने गराउने एवम् आवश्यक समन्वय समेत गर्ने ।

(छ) बाल अधिकार हनन्का सम्बन्धमा आएका उजुरी तथा जानकारीमा आएका घटनालाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवम् समन्वयकारी भूमिका निर्वाह गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी घटना व्यवस्थापनमा सहयोग गर्ने,

(ज) वडामा सञ्चालनमा रहेका स्थानीय संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा जगाउने, समन्वय र साझेदारी गर्ने,

(झ) बाल अधिकार तथा बाल संरक्षणका विषयमा महानगर समिति र महानगरपालिकालाई आवश्यक सहयोग गर्ने,

(ञ) बालक्लब तथा बालसमूह र बाल सञ्जाल गठन,सञ्चालन सहजीकरण तथा अभिलेखीकरण गर्ने र सम्पन्न कार्यक्रमको प्रतिवेदन महानगर समिति र महानगरपालिकामा पठाउने,

(ट) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा वार्षिक योजनामा समेत बाल संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भूमिकामा (बाल विवाह ,हिंसा,दुर्व्यवहार,बालश्रम, शारीरिक

तथा मानसिक यातना आदिको रोकथाम र नियन्त्रण ) सहयोग गर्न सहजीकरण गर्ने,

(ठ) वार्षिक रुपमा वडास्तरीय बालबालिका सम्बन्धी कार्यक्रम कार्यान्वयनको प्रगति तयार गर्ने,

(ड) बालबालिकासँग सम्बन्धित दिवसहरु वडामा रहेका विद्यालय वा सम्बन्धित निकायहरुसँगको समन्वयमा मनाउने र मनाउन सहजीकरण गर्ने,

(ढ) अशक्त, असहाय तथा अनाथको पालन पोषणको व्यवस्था गर्न र सिफारिस गर्न सहयोग गर्ने,

(ण) प्रचलित कानूनले दिएको अधिकारलाई बालहितको लागि प्रयोग गर्न गराउन तथा सो बमोजिम भए नभएको समत अनुगमने  गरी कार्यान्वयन गर्न सहयोग गर्ने ।

## परिच्छेद –४ विविध

१०. बालक्लब तथा बालक्लब सञ्जाल गठन एवम् परिचालनः महानगर समिति तथा महानगर वडा समितिले प्रचलित कानून तथा मापदण्डका आधारमा महानगरपालिकामा दर्ता गराइ विद्यालय,समुदाय एवम् महानगर तथा वडा स्तरीय बालक्लव/बाल समूह र महानगर/वडा स्तरीय बाल क्लव सञ्जाल गठन गरी परिचालन गर्न सक्नेछ ।

११. बाल कोषः (१) महानगरमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण, उद्धार एवम् सहयोगको लागि महानगरपालिकामा बाल कोष स्थापना गर्न तथा स्थापना गरेको बाल कोषको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि महानगर समितिले आवश्यक सहयोग गर्न सक्नेछ ।

(२) बाल कोषको प्रभावकारी सञ्चालनका लागि महानगर समितिले महानगरपालिकालाई समय समयमा आवश्यक सहयोग तथा समन्वय गर्नुपर्नेछ ।

१२. बाल अधिकार समितिको अंग्रेजी नामः वीरगंज महानगर बाल अधिकार समितिलाई अंग्रेजीमा Birgunj Metro Child Rights Committee-BMCRC भनिनेछ भने वीरगंज महानगर वडा बाल अधिकार समितिलाई Birgunj Metro Ward Child Rights Committee-BMWCRC भनिनेछ ।

१३. अमान्य हुनेः यस कार्यविधिमा भएका प्रावधानहरु सम्बन्धित संघीय र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१४. अनुसूचि थप गर्न सकिने : यो कार्यविधि कार्यान्वयको लागि आवश्यक हुन सक्ने अनुसूचि( ढाँचा, विवरण तथा प्रक्रिया) महानगर समितिले निर्धारण गरि लागु गर्न सक्ने छ ।

१५. बचाउः बालबालिकाको हक, हित र बाल अधिकार प्रवर्द्धनका लागि यस अघि महानगरपालिकाबाट कुनै समिति वा व्यक्ति तोकी भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

१६) बाधा अडकाउ फुकाउ : यो कार्यबिधिमा उल्लेखित ब्यबस्था कार्यन्वयनमा कुनै समस्या वा दुबिधा उत्पन्न भएमा कार्यपालीका बाट अनुमोदन गराउने गरी नगर प्रमुखले बाधा अडकाउ फुकाउने आदेश जारि गर्न सक्नेछ ।

आज्ञाले

प्रदीप कुमार निरौला
प्रमुख प्रशासकीय अधिकृत
वीरगंज महानगरपालिका